| ४ | घर नक्सापास सम्बन्धी कागजातहरुको प्रतिलिपी माग गर्न | १. जग्गा धनी प्रमाण पूर्जाको नक्कल<br>२. चालु आ.व. को मालपोत रसिद<br>३. जग्गाको रजिष्ट्रेशन तमसुक<br>४. भवनको नक्शा<br>५. वारेसनामा/मञ्जुरीनामा (सक्कल-१)<br>६. नागरिकता प्रमाणपत्र | १. व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. निवेदन दर्ता गर्ने ।<br>३. पूर्वाधार बिकास महाशाखाबाट कार्यालयमा रहेको अभिलेख हेरी प्रतिलिपीको कागज तयार गर्ने ।<br>४ अख्तियार प्राप्त अख्तियारवाला बाट प्रतिलिपी सम्बन्धी कागजमा हस्ताक्षर गरी कार्यालयको चलानी किताबमा अभिलेख गरी सम्बन्धित लाई उपलब्ध गराउने। | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर | प्रक्रिया पुरा भएमा २-३ दिन | प्रमुख प्रशासकीय अधिकृत, शहरी विकास तथा पूर्वाधार विकास महाशाखा, सो शाखाका प्रमुख र सम्बधित शाखाका कर्मचारीहरु एवं हेल्प डेक्समा कार्यरत कर्मचारी | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ५ | घर नक्सापास नामसारी | १. हाल सालैको जग्गा धनी प्रमाणपुर्जा र राजिनामाको लिखतको प्रतिलिपी<br>२. नगरपालिकाबाट घर नक्सापास गर्ने क्रममा जारी गरिएको घर नक्सापासको सक्कल प्रमाणपत्र र सक्कल नक्सा<br>३. व्यहोरा खुलेको निवेदन ।<br>४. हकवालालाई नामसारी गर्नु पर्ने खण्डमा हक खुल्ने प्रमाणको प्रतिलिपी ।<br>५. खरिद र बिक्री गर्ने दुवै पक्षको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।<br>६. चालु आर्थिक वर्षको सम्पति कर र मालपोत कर तिरेको प्रमाणको प्रतिलिपि<br>७. वडा कार्यालयको सिफारिश ।<br>८. पासपोर्ट साईजको २ प्रति फोटो । | १. सम्बन्धित सेवाग्राहीबाट आफूसँग भएको प्रमाण सहित विस्तृत व्यहोरा खुलाई निवेदन दिने ।<br>२. प्रमुख प्रशासकीय अधिकृत वा अन्य अख्तियार प्राप्त व्यक्तिले निवेदनमा तोक लगाई निवेदन दर्ता गरिदिने ।<br>३. आवश्यक कागज प्रमाण हेरी नक्सापास शाखाबाट आवश्यकता अनुसार सर्जमिन गर्नु परेमा सो समेत गरी नामसारीको कागज तयार गर्ने ।<br>४. निवेदकले नियमानुसार बुझाउनु पर्ने दस्तुर, शुल्क बुझाउने ।<br>५. नामसारीको कागजमा अख्तियार प्राप्त अधिकारीबाट हस्ताक्षर गराई कार्यालयबाट चलानी गरी सम्बन्धित पक्षलाई दिने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर | निवेदन दर्ता भईसकेपछि ७ देखि १० दिन | प्रमुख प्रशासकीय अधिकृत, शहरी विकास तथा पूर्वाधार विकास महाशाखा, सो शाखाका प्रमुख र सम्बधित शाखाका कर्मचारीहरु एवं हेल्प डेक्समा कार्यरत कर्मचारी | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ६ | नक्सा नविकरण | १. नक्सापास प्रयोजनको लागि अस्थायी इजाजत प्राप्त गरेको मितिबाट २ वर्ष म्याद सकिनु अगावैको निवेदन ।<br>२. अस्थायी नक्सापास प्रमाण पत्रको प्रतिलिपी<br>३. अस्थायी नक्सापास भएको सक्कल नक्सा ।<br>४. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी ।<br>५. नागरिकता प्रमाण पत्रको प्रतिलीपी ।<br>६. चालु आर्थिक वर्षको सम्पति कर र मालपोत कर तिरेको प्रमाणको प्रतिलिपि ।<br>७. वडा कार्यालयको सिफारिश ।<br>८. अस्थायी नक्सापास भएको ४ वर्ष भन्दा बढि अवधिसम्म नविकरण हुने छैन । | १. आफुसँग भएको नक्सापासको लागि नगरपालिकाबाट जारी भएको नक्सापास प्रमाण पत्रको प्रतिलिपी र सक्कल नक्सा सहितको निवेदन पेश गर्ने ।<br>२. निवेदन दर्ता गर्ने ।<br>३. पेश भएको कागजपत्र जाँच गरी सम्बन्धि शाखाबाट नक्सा नविकरणको कागज तयार गर्ने ।<br>४. निवेदकले नियमानुसार बुझाउनु पर्ने दस्तुर बुझाउने ।<br>५. अख्तियार प्राप्त अधिकारीबाट नविकरण सम्बन्धि कागजमा सही छाप गरी चलानी गरेर सम्बन्धि सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने । | १. नक्सापास गर्दा लाग्ने कुल दस्तुरको ३० % हुन आउने रकम ।<br>२. दुई बर्ष अगावै नविकरण नभएमा नविकरण गर्दा लाग्ने दस्तुरको थप १० % हुने आउने रकम जरिवाना लाग्नेछ । | प्रक्रिया पुरा भएमा २-३ दिन | प्रमुख प्रशासकीय अधिकृत, शहरी विकास तथा पूर्वाधार विकास महाशाखा, सो शाखाका प्रमुख र सम्बधित शाखाका कर्मचारीहरु एवं हेल्प डेक्समा कार्यरत कर्मचारी | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ७ | स्वीकृत योजना सम्झौता र कार्यान्वयन सम्बन्धमा (उपभोक्ता समितिसँग) | १. उपभोक्ता समिति गठनको लागि आमभेला भएको माईन्यूटको प्रतिलिपि (कार्यसमितिमा ३३ प्रतिशत महिला अनिवार्य)<br>२. सम्बन्धित वडाको जनप्रतिनिधिको संयोजकत्वमा आन्तरिक अनुगमन समिति गठन गरेको निर्णय प्रतिलिपि ।<br>३. बजेट स्रोत खुलेको प्रमाण<br>४. आयोजनाको लागत अनुमान ।<br>५. स्वघोषणा फारम ।<br>६. योजना संचालन गर्न उपयुक्त भए/नभएको सम्बन्धमा प्राविधिकको लिखित राय<br>७. उपभोक्ता समितिको योजना सम्झौता सम्बन्धी निर्णयको प्रतिलिपि<br>८. उपभोक्ता समितिमा रहेका सबै पदाधिकारीको नागरिकताको प्रतिलिपि<br>९. योजना शुरु हुनुभन्दा अगाडीको योजना स्थलको फोटो २ प्रति दुवै साइड बाट<br>१०. उ.स.को सम्झौता गरिपाउँ भन्ने निवेदन/छाप<br>११. वडा कार्यालयको सम्झौता सिफारिस।<br>१२. योजना संचालन हुने स्थानको नक्सा<br>१३. आयोजनाको नक्सा | १. राजश्व महाशाखाबाट रु १०० तिरी योजना सम्झौता फारम खरिद गर्ने ।<br>२. योजना सम्झौता गरी पाउं भन्ने व्यहोराको निवेदन ।<br>३. निवेदनलाई प्रमुख प्रशासकीय अधिकृतबाट तोक लगाई दर्ता गर्ने ।<br>४. तोक आदेश बमोजिम शहरी विकाश तथा पूर्वाधार विकाश महाशाखाको सम्बन्धित वडाको प्राविधिकबाट लगात अनुमान तयार गर्न फिल्ड निरीक्षण गर्ने ।<br>५. फिल्ड निरीक्षणको आधारमा लागत अनुमान तयार गरी इन्जिनियरको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृतिको लागि पेश गर्ने ।<br>६. लागत अनुमान स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृतले योजना अनुगमन तथा मुल्यांकन महाशाखालाई सम्झौता गर्न तोक लगाउने ।<br>७. संलग्न भएका कागजपत्रहरु अध्ययन गरी आवश्यक सम्झौता पत्र तयार गरी उपभोक्ता समितिका प्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतबाट दरखास्त गराउने<br>८. हस्ताक्षर र सहिछाप भएको सम्झौताको एक प्रति र कार्यादेश उपभोक्ता समिति र शहरी विकाश तथा पूर्वाधार विकाश महाशाखालाई प्रदान गर्ने । | नि:शुल्क | प्रक्रिया पुरा भएमा सोही दिन | प्रमुख प्रशासकीय अधिकृत, शहरी विकास तथा पूर्वाधार विकास महाशाखा, योजना अनुगमन तथा मुल्यांकन महाशाखा, आर्थिक प्रशासन महाशाखा, सम्बन्धित शाखाका प्रमुखहरु र शाखाको अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ८ | योजना फरफारक (उपभोक्ता समितिसँग) | १. योजना सम्पन्न गर्दा भएको खर्च अनुमोदन सहितको उपभोक्ता समितिको निर्णयको प्रतिलिपी र व्यहोरा खुलेको निवेदन ।<br>२. आन्तरिक अनुगमन समितिले भुक्तानीको लागि गरेको सिफारिस<br>३. खर्च सार्वजनिकरण वा समुदायमा सार्वजनिक सुनुवाइले अनुमोदन गरेको निर्णयको प्रतिलिपी<br>४. उपभोक्ता समितिको अध्यक्षबाट प्रमाणित सक्कल बिल भरपाइ र डोर हाजिरी फाराम<br>५. काम शुरु हुने, भईरहेको र सम्पन्न पछिको फोटोहरु<br>६. प्राविधिक बाट तयार गरेको मुल्यांकन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र योजना स्वीकार प्रतिवेदन<br>७. सार्वजनिक परीक्षण फारम,खर्च सार्वजनिक फारम र बितीय प्रगति प्रतिबेदन फारम<br>८. वडा कार्यालयको सम्पन्न सिफारिश<br>९. सम्झौताको लागि आवश्यक सम्पूर्ण कागजात संलग्न भएको फाईल<br>१०. आर्थिक तथा भौतिक प्रगति विवरण (अनुसूचि - ६)<br>११. अनुसूचि ३ र ४ फारम<br>१२. आयोजना हस्तान्तरण फारम<br>१३. नगरस्तरीय अनुगमन समितिको निर्णयको प्रतिलिपि ।<br>१४. भुक्तानी टिप्पणी आदेश | १. योजना फरफारक गरी पाउँ भन्ने व्यहोराको निवेदन ।<br>२. निवेदनलाई प्रमुख प्रशासकीय अधिकृतबाट तोक लगाई दर्ता गर्ने ।<br>३. तोक आदेश बमोजिम शहरी विकाश तथा पूर्वाधार विकाश महाशाखाको सम्बन्धित वडाको प्राविधिकबाट फिल्डको प्राविधिक अनुगमन र निरीक्षण गर्ने ।<br>४. फिल्ड निरीक्षणको आधारमा मुल्यांकन प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन तयार गरी इन्जिनियरको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्ने ।<br>५. प्रमुख प्रशासकीय अधिकृतबाट योजना अनुगमन गर्न योजना अनुगमन तथा मुल्यांकन महाशाखालाई तोक लगाउने ।<br>६. संलग्न भएका कागजपत्रहरु अध्ययन गरी योजना अनुगमनको लागि तयारी गर्ने ।<br>७. मुल्यांकन प्रतिवेदनको आधारमा हरेक हप्ताको आइतबार र बुधबार (दुई दिन) नगर स्तरीय अनुगमन समितिले अनुगमन गरी भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिश गर्ने । | नि शुल्क | ७ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत, योजना अनुगमन तथा मुल्यांकन महाशाखा, आर्थिक प्रशासन महाशाखा, सम्बन्धित शाखाका प्रमुखहरु र शाखाको अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ९ | घ वर्गको निर्माण व्यवसायी दर्ता | १. घरेलु तथा साना उद्योग कार्यालयमा कम्तीमा रु एक लाख पुँजी देखाई दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी<br>२. प्रा.लीको हकमा कम्पनी रजिष्टार कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।<br>३. कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको प्रशासन सहायक १, लेखा सहायक १ तथा सिभिल इन्जिनियर १ को नियुक्ति पत्र र नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र सो संग सम्बन्धित कागजपत्रहरु<br>४. माथि उल्लेखित तिनै जना कर्मचारीले नगरपालिकाले उपलब्ध गराएको ढाँचामा गरेको करारनामा ।<br>५. स्थायी लेखा नम्बर (मुल्य अभिवृद्धि करमा समेत दर्ता) प्रमाण पत्रको प्रतिलिपी ।<br>६. टिपर १ थान, ट्र्याक्टर १ थान खरीद गरेको प्रमाणित कागजपत्र वा कम्तिमा २ बर्षको लागी भाडामा लिएको प्रमाणित कागजात<br>७. मिक्स्चर १ थान, Level Machine १ थान, वाटर पम्प ३ थान र भाइब्रेटर ३ थान मेसिन खरिद गरेको सक्कल भ्याट बिल ।<br>८. मेकानिकल ईन्जिनियरले माथि उल्लेखित उपकरण ठिक अवस्थामा रहेको भनी प्रमाणित गरेको कागजपत्र<br>९. बिमाको कागजातको प्रतिलिपि<br>१०. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>११. तोकिए बमोजिमको ढाँचामा निवेदन<br>१२. कार्यालय भाडामा लिएको भएमा सम्झौता पत्र<br>१३. नगरपालिकाले उपलब्ध गराएको ढाँचामा अद्यावधिक भएको निर्माण व्यवसायीले साक्षीको रुपमा हस्ताक्षर गरेको कागज ।<br>१४. स्वयंले प्रमाणित गरेको मेकानिकल इञ्जिनियरको नागरिकताको प्रमाणपत्र र नेपाल इञ्जिनियरिङ्ग काउन्सीलबाट जारी गरेको प्रमाण पत्रको प्रतिलिपी ।<br>१५. प्रोपाईटरको नागरिकता प्रमाण पत्रको प्रतिलिपी । | १. आफुसंग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. प्रशासन शाखाबाट निर्माण व्यवसायी दर्ताको लागि पेश भएको कागजपत्रहरुको जाँच गरी अनुमति प्रदान गर्नको लागि जाँचबुझ समितिमा पेश गर्ने<br>४. जाँचबुझ समितिबाट सिफारिश भई आए पश्चात नगरकार्यपालिकाको बैठकमा पेश गर्ने व्यवस्था मिलाउने ।<br>४. नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात आवश्यक दस्तुर बुझाउन लगाउने ।<br>५. नगर कार्यपालिकाको बैठकबाट निर्णय भए पश्चात तोकिएको ढाँचामा प्रमाण पत्र बनाई अख्तियार प्राप्त अधिकारीबाट सहि छाप गराई कार्यालयको अभिलेखमा जनाई सम्बन्धि पक्षलाई उपलब्ध गराउने । | ईजानत पत्र निववेदन दस्तुर रु ५००।-<br>ईजाजत पत्र दस्तुर रु १०,०००।-<br>ईजाजत पत्र नविकरण दस्तुर रु ५०००।-<br>ईजाजत पत्र नवीकरण थप दस्तुर ३०००।-<br>ईजाजत पत्र प्रतिलिपि दस्तुर २०००।-<br>घरेलुमा दर्ता भएका कम्पनीहरुलाई प्रा.लि. मा परिणत गर्न २०००।-<br>ईजाजत पत्र खारेजि दस्तुर १०००।- | नगर कार्यपालिकाको निर्णय भए पश्चात ७ दिन भित्र | नगर कार्यपालिका, प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख र प्रशासन शाखका अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |

# बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाण्डौ
बागमती प्रदेश


# बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाण्डौ
बागमती प्रदेश


## नागरिक वडापत्र

| क्र.सं. | सेवा सुविधाको नाम | आवश्यक पर्ने कागजातहरु | सेवा सुविधा प्राप्त गर्ने आवश्यक पर्ने प्रक्रिया | लाग्ने दस्तुर तथा शुल्क | सेवा लिन लाग्ने समयावधी | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| २९ | सहकारी संस्था एकिकरण वा बिभाजन कार्य | १. एकिकरण वा विभाजन हुने संस्थाको विनियम दुई प्रति ।<br>२. एकिकरण वा विभाजन हुने संस्थाको कार्ययोजना एक प्रति ।<br>३. एकिकरण वा विभाजन हुने संस्थाको साधारण सभाका निर्णयहरुको प्रमाणित प्रतिलिपि<br>४. एकिकरण वा विभाजन सम्बन्धि कार्य गराउन अधिकार प्राप्त व्यक्तिको दस्तखत नमुना सहितको सक्कल अधिकार पत्र ।<br>५. एकिकरण वा विभाजन हुने संस्थाका सदस्यहरु संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाण ।<br>६. एकिकरण वा विभाजन हुने संस्थाको भेलाको निर्णय बमोजिम शेयर शुल्क र प्रवेश शुल्क वापत उठेको रकम जम्मा गरेको भौचरको प्रतिलिपी तथा उक्त रकम बुझिलिने सञ्चालकले संस्था दर्तापछि उक्त रकम सम्बन्धित संस्थाको खातामा दाखिला गर्ने प्रतिबद्धता गरेको पत्रको सक्कल प्रति । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. सहकारी शाखाबाट सहकारी संस्था एकिकरण वा विभाजनको लागि पेश भएको कागजपत्रहरु जाँच गरी निर्णयार्थ टिप्पणी तयार गरी अख्तियार प्राप्त अधिकारी समक्ष पेश गर्ने ।<br>४. सहकारी संस्था एकिकरण वा विभाजन सम्बन्धि निर्णय पश्चात आवश्यक शुल्क बुझाउन लगाई सहकारी संस्था एकिकरण वा विभाजन भएको व्यहोरा कार्यालयको अभिलेखमा उल्लेख गरी सम्बन्धित सहकारी संस्थालाई सहकारी संस्था एकिकरण वा विभाजनको प्रमाण प्रदान गर्ने । | नि:शुल्क | ३० दिन | आर्थिक विकास शाखा, सहकारी शाखा, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका शाखा प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३० | सहकारी संस्थाहरुको प्रतिवेदन पेश | १. मासिक रुपमा सहकारी संस्थाहरुले गरेको काम कारवाही समेटेर तयार गरेको मासिक प्रतिवेदन ।<br>२. साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र प्रतिवेदन बुझाउनु पर्ने छ । | १. मासिक रुपमा भए गरेका काम कारवाहीहरुको मासिक प्रतिवेदन सहकारी शाखामा पेश गर्नु पर्ने ।<br>२. बार्षिक साधारण सभाबाट भएको निर्णय सहितको बार्षिक प्रगति विवरण । | नि शुल्क | १. मासिक प्रतिवेदन पछिल्लो महिनाको ७ गते भित्र<br>२. बार्षिक प्रतिवेदन माघ १६ गते भित्र (तोकिएको समयमा प्रतिवेदन नबुझाएमा न.पा.ले तोके बमोजिम जरिवाना लाग्नेछ ।) | आर्थिक विकास शाखा, सहकारी शाखा, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका शाखा प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३१ | सहकारी संस्था नविकरण | १. सहकारी संस्था नविकरणको लागि तोकिएको ढाँचाको निवेदन ।<br>२. अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण पत्र वा म्याद थपको प्रमाणपत्रको प्रतिलिपी ।<br>३. अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षण प्रतिवेदन ।<br>४. सञ्चालक समितिको निर्णयको प्रतिलिपी । | १. तोकिएको ढाँचामा पेश भएको निवेदन अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गर्ने ।<br>२. निवेदन नगरपालिकाको दर्ता किताबमा दर्ता गर्ने ।<br>३. सहकारी शाखाबाट नविकरण सम्बन्धि आवश्यक कागजपत्र तयार गरी नगरपालिकाको अभिलेखमा उल्लेख गर्ने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम | निवेदन दर्ता भएको ७ दिन भित्र । | आर्थिक विकास शाखा, सहकारी शाखा, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका शाखा प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३२ | सहकारी संस्था विघटन कार्य | १. सहकारी संस्थाका दुई तिहाई सदस्यहरुले संस्था विघटन सम्बन्धि गरेको निर्णयको प्रमाणित प्रतिलिपी ।<br>२. संस्थाले तिर्न बुझाउन बाँकी रहेको बक्यौता फछ्र्यौटको विवरण ।<br>३. सहकारी संस्था विघटन गर्नु पर्ने कारण सहितको व्यहोरा उल्लेख भएको अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर भएको पत्र । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. सहकारी शाखाबाट सहकारी संस्था विघटनको लागि पेश भएको कागजपत्रहरु जाँच गरी सुनुवाईको लागि १५ दिने सुचना प्रकाशन पश्चात निर्णयार्थ टिप्पणी तयार गरी अख्तियार प्राप्त अधिकारी समक्ष पेश गर्ने ।<br>४. सहकारी संस्था विघटन सम्बन्धि निर्णय पश्चात आवश्यक शुल्क बुझाउन लगाई सहकारी संस्था विघटन भएको व्यहोरा कार्यालयको अभिलेखमा उल्लेख गरी सम्बन्धित सहकारी संस्थालाई सहकारी संस्था विघटन भएको पत्र प्रदान गर्ने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम | २१ दिन | आर्थिक विकास शाखा, सहकारी शाखा, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका शाखा प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३३ | बाली, तरकारी, फलफूल तथा अन्य खेतीसम्बन्धी परामर्श | १. सम्बन्धित व्यक्तिको व्यहोरा खुलेको निवेदन । | १. कार्यालय समयमा वा सो समय भन्दा बाहेकको समयमा समेत सम्बन्धि प्राविधिक तथा विज्ञबाट लिखित वा मौखित रुपमा परामर्श सेवा प्रदान गर्ने | नि शुल्क | प्रमाण पुगेको निवेदन उपर सोही दिन | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३४ | बालि क्षति सिफारीस | १. व्यहोरा खुलेको निवेदन र नगर/वडाको जनप्रतिनिधी तथा कर्मचरी वा प्रहरीको रोहबरमा गरेको सर्जमीन मुचुल्का ।<br>२. वडा कार्यालयको सिफारीस ।<br>३. बालि क्षति सिफारीस, क्षति भएको बालीको फोटो । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. कृषी विकास शाखाबाट आवश्यकता अनुसार फिल्ड अनुगमन गरी सिफारिश पत्र तयार गर्ने । | नि शुल्क | प्रमाण पुगेको निवेदन उपर एक हप्ताभित्र | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३५ | साना सिंचाई कार्यक्रम | १. कृषक समुह दर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>२. जल उपभोक्ता समितिको प्रमाणपत्रको प्रतिलिपि ।<br>३. वडा कार्यालयको सिफारिस ।<br>४. पूर्णरुपमा भरेको आवेदन फारम ।<br>५. साना सिंचाई मागसम्बन्धि समितिको निर्णयको प्रतिलिपि । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. कृषी विकास शाखाबाट आवश्यकता अनुसार कागजपत्रहरु संलग्न गरी सम्झौता पत्र तयार गर्ने ।<br>४. सम्झौता पत्रमा प्रमुख प्रशासकीय अधिकृत र समुहको तर्फबाट अख्तियार प्राप्त अधिकारीले हस्ताक्षर गरी कार्यालयको छापा लगाई एक एक प्रति सम्बन्धित समुहलाई उपलब्ध गराउने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम | प्रमाण पुगेको निवेदन उपर वर्षमा १५ दिन | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३६ | कृषक समुह दर्ता/नविकरण | १. समुहको निर्णय प्रतिलिपि।<br>२. कृषक समुहको विधान ।<br>३. अधिकार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि ।<br>४. उल्लेखीत कागजात सहित निवेदन । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. कृषी विकास शाखामा निवेदन दर्ता भए पश्चात पेश गर्ने । | रु १०० को राजश्व भौचर | प्रमाण पुगेको निवेदन उपर सोही दिन | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३७ | आकस्मिक बाली संरक्षण सेवा | १. बालीमा देखा परेको समस्याहरु उल्लेख गरिएको लिखित निवेदन वा सो सम्बन्धि मौखिक जानकारी ।<br>२. रोग किरा लागेको बाली बिरुवा सहित उपस्थित हुनु पर्ने । | १. बालीमा देखा परेको समस्याहरु विस्तृत रुपमा उल्लेख गरी निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. कृषी विकास शाखाबाट आफुसँग भएका सम्बन्धि प्राविधिक तथा विज्ञलाई बालीमा देखा परेको समस्या पत्ता लगाउन खटाउने ।<br>४. प्राप्त प्रतिवेदनको आधारमा निदानका उपायहरु अबलम्बन गर्ने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम | प्रमाण पुगेको निवेदन उपर सोही दिन | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३८ | नगरस्तरीय कृषि विकास सम्बन्धि विभिन्न तालिम कार्यक्रम | १. सम्बन्धित तालिममा सहभागी हुनको इच्छुक रहेको व्यहोरा खुलाएको निवेदन ।<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिश ।<br>३. तालिममा सहभागिता जनाउने व्यक्ति सम्बन्धि कृषि क्षेत्रमा कार्यरत रहेको कृषक हुनु पर्ने । | १. व्यहोरा खुलेको निवेदन तोकिएको समयमा पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. कृषी विकास शाखाबाट प्राप्त भएका निवेदनहरु संकलन गरी निर्णयको लागि सम्बन्धित निकायमा पेश गर्ने ।<br>४. निर्णय पश्चात नियमानुसार बुझाउनु पर्ने शुल्क दस्तुर बुझाउन लगाई निर्णय अनुसार सम्बन्धित कृषकहरुलाई तालिममा छनौट भएको जानकारी दिई तालिममा सहभागि गराउने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम | प्रमाण पुगेको निवेदन उपर सोही दिन | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ३९ | ५० देखि १०० प्रतिशत अनुदानमा कृषि विकासको लागि आवश्यक सामाग्री तथा यन्त्रहरु माग | १. आफूलाई आवश्यक परेको यन्त्र तथा सामाग्रीहरुको लागि नगरपालिकाबाट जारी गरिएको सुचना बमोजिमको व्यहारा पुरयाई निवेदन ।<br>२. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी ।<br>३. संस्था दर्ताको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी र समितिको निर्णयको प्रतिलिपी ।<br>४. नगरपालिकाबाट अनुदान प्राप्तीको लागि निर्धारण गरेका मापदण्डहरु अनुसारका कागज पत्रहरु ।<br>५. नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।<br>६. अनुदान वापतको सामान वा यन्त्रको लागि दाखिला गर्नु पर्ने लागत सहभागिता बापतको रकम दाखिला गर्ने प्रतिवद्धता ।<br>७. सम्बन्धित वडा कार्यालयको सिफारिश ।<br>८. कृषी विकास सम्बन्धि कार्यहरु सञ्चालन गर्नको लागि जग्गा वा संरचना भाडामा लिएको भए भाडा लिने सम्बन्धि भएको सम्झौता पत्रको प्रतिलिपी ।<br>९. आफूले सञ्चालन गर्न लागेको परियोजना विस्तृत विवरण खुलेको प्रमाणित प्रस्ताव फारम । | १. व्यहोरा खुलेको निवेदन तोकिएको समयमा पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. कृषी विकास शाखाबाट प्राप्त भएका निवेदनहरु संकलन गरी निर्णयको लागि सम्बन्धित निकायमा पेश गर्ने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम | नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश पार्ने । | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४० | रासायनिक मल कारोबार दर्ता र नविकरण | १. व्यहोरा खुलेको निवेदन ।<br>२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>३. संस्थाको व्यवस्थापकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>४. वार्षिक लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि<br>५. मूल्य अभिवृदि कर वा पान दर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>६. सहकारी संस्थाको निर्णयको प्रतिलिपि ।<br>७. सहकारी संस्था दर्ता भएको कम्तिमा २ वर्ष भएको हुनुपर्ने ।<br>८. सम्बन्धित वडा कार्यालयको सिफारिस । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. कृषि विकास शाखाबाट प्राप्त भएका निवेदनहरु रासायनिक मल विक्रेता प्रमाणपत्रको लागि कृषि सामग्री कम्पनी लिमिटेड।<br>४. निर्णय पश्चात रासायनिक मल कारोबार दर्ता र नविकरण भएका संस्थाहरुलाई अख्तियार प्राप्त अधिकारीबाट सहीछाप गरी अनुमतिको प्रमाण पत्र प्रदान गर्ने | निशुल्क | प्रमाण पुगेको निवेदन उपर सोही दिन | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४१ | बाली बिमामा अनुदान | १. व्यहोरा खुलेको निवेदन ।<br>२. बाली विमा गराएको बिमालेख र बिमा शुल्क बुझाएको प्रमाणकोप्रतिलिपी ।<br>३. नेपाली नागरिकताको प्रतिलिपी । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. कृषि विकास शाखाबाट प्राप्त भएका निवेदनहरु संकलन गरी निर्णयको लागि सम्बन्धित निकायमा पेश गर्ने ।<br>४. निर्णय पश्चात बीमा अनुदानको लागि पेश भए अनुसार सम्बन्धित बीमा कम्पनीलाई अनुदान रकम उपलब्ध गराउने । | ५० प्रतिशत बीमा बापतको रकम नगरपालिकाले व्यहोर्ने । | नगरपालिकाको निर्णय पश्चात | कृषी विकास शाखा, सम्बन्धित शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४२ | प्राकृतिक प्रकोप सहायता | १. लाभग्राहीको सहायता माग गरेको व्यहोरा खुलाएको निवेदन ।<br>२. स्थानीय स्तरको प्रहरी प्रतिवेदनको मुचुल्का ।<br>३. सम्बन्धित वडा कार्यालयको सिफारिश ।<br>४. नगर विपद व्यवस्थापन समितिको निर्णय ।<br>५. नागरिकता प्रमाणपत्रको प्रतिलिपी । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. विपद व्यवस्थापन शाखाबाट नियमानुसार उपलब्ध गराउन सक्ने सहयोग उल्लेख गरी अख्तियार प्राप्त अधिकारीबाट निर्णय गराउने ।<br>४. आर्थिक प्रशासन शाखाबाट निर्णय भए अनुसारको सहयोग रकमको सम्बन्धित व्यक्तिको नाममा चेक तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई चेक उपलब्ध गराउने । | नि शुल्क | तोक आदेशानुसार (तत्काल) | विपद् व्यवस्थापन शाखा/ आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका प्रमुख | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४३ | मालसामान आपूर्ति, निर्माणकार्य, परामर्श सेवा र अन्य सेवा सूचिकृत | १. सुचिकृत हुन चाहाने संस्था, फर्म वा व्यक्तिको निवेदन ।<br>२. संस्था वा फर्म दर्ताको प्रमाणपत्र (नविकरण गरिएको)।<br>३. मूल्य अभिबृद्धि कर तथा स्थायी लेखा नं. दर्ताको प्रमाणपत्र ।<br>४. कर चुक्ताको प्रमाणपत्र ।<br>५. आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्र । | १. व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. नियमानुसार बुझाउनु पर्ने शुल्क दस्तुर बुझाउन लगाउने ।<br>४. सार्वजनिक खरिद तथा सम्पति व्यवस्थापन शाखाबाट प्राप्त भएका निवेदनहरु संकलन गरी सुचिकृत पुस्तिकामा अभिलेख गरी सुचिकृत गरी सो को निस्सा सम्बन्धि पक्षलाई उपलब्ध गराउने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम | आवश्यक कागजात पूरा भएमा सोहि दिन | सार्वजनिक खरिद तथा सम्पति व्यवस्थापन शाखा, सो शाखाको प्रमुख र अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४४ | सूचना, तथ्यांक, श्रोत, नक्शा आदि उपलब्ध गराउने | १. आवश्यक विवरण सहितको निवेदन ।<br>२. शुल्क र दस्तुर बुझाएको प्रमाण ।<br>३. प्रयोजन स्पष्ट खुलाएको निवेदन । | १. आफूलाई आवश्यक परेको विवरण स्पष्ट रुपमा उल्लेख गरी निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. अख्तियार प्राप्त अधिकारीबाट भएको आदेश बमोजिमको विवरण सम्बन्धित पक्षलाई उपलब्ध गराउने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको रकम | सोही दिन | सुचना तथा सञ्चार प्रविधी र अभिलेख व्यवस्थान शाखा, सुचना अधिकारी र सम्बन्धित शाखा प्रमुख | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४५ | पुरानो घटना दर्ता संशोधन | १. संशोधन गर्नुपर्नाको कारण सहितको निवेदन ।<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिश ।<br>३. आवश्यक पर्ने अवस्थामा स्थानीय समुदायको सर्जमिन मुचुल्का ।<br>४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>५. पुरानो घटना दर्ताको सक्कल प्रमाण पत्र ।<br>६. शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य विवरण खुल्ने कागजातहरु । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन दिने<br>२. अख्तियार प्राप्त व्यक्तिबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाबाट कार्यालयमा रहेको अभिलेख हेरी घटना दर्ता संशोधन गर्नु पर्ने व्यहोरा खुलाई अख्तियार प्राप्त अधिकारीबाट निर्णय गराई संशोधनको कागजपत्र तयार गर्ने ।<br>४. आवश्यक शुल्क बुझाउन लगाउने ।<br>५. कार्यालयको अभिलेखमा जनाई अख्तियार प्राप्त अधिकारीबाट सहिछाप गराई कार्यालयको छाप लगाई सम्बन्धितलाई प्रदान गर्ने । | प्रति घटना दर्ता संशोधन रु ५० | सोही दिन | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४६ | महिला समुह/समिति संस्था गठन तथा सहजीकरण | मौखिक अथवा लिखित जानकारी | महिलाहरुको भेला बैठक तथा छलफल गराउने । | नि:शुल्क | तत्काले | महिला, बालबालिका तथा समाज कल्याण शाखा, स्थानीय तत्काल उद्धार तथा राहत समिति, सम्बन्धित शाखा प्रमुख तथा अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४७ | जोखिममा परेका महिला तथा बालबालिकाको उद्धार तथा पुर्नस्थापना सहयोग | मौखिक अथवा लिखित जानकारी | तत्काल उद्धार संरक्षण र पुर्नस्थापनाका लागि सरोकारवाला निकायसँग समन्वय/सहकार्य । | नि:शुल्क | तत्काले | महिला, बालबालिका तथा समाज कल्याण शाखा, स्थानीय तत्काल उद्धार तथा राहत समिति, सम्बन्धित शाखा प्रमुख तथा अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४८ | लैङ्गिक हिंसा पीडित/ प्रभावितलाई तत्काल उद्धार तथा पुन:स्थापना सहयोग | १. रित पुगेको निवेदन ।<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।<br>३. सरकारी अस्पतालमा उपचार गरेको जाचपूर्जी । | १. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न मनासिव कारण खुलाई स्वीकृत ढाँचामा स्थानीय तत्काल उद्धार तथा राहत समितिमा निवेदन दिने ।<br>२. समितिको निर्णय अनुसार राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने । | नि:शुल्क | ७ दिन भित्र/गम्भीर प्रकृतिको घटनामा तत्काले | महिला, बालबालिका तथा समाज कल्याण शाखा, स्थानीय तत्काल उद्धार तथा राहत समिति, सम्बन्धित शाखा प्रमुख तथा अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |
| ४९ | जेष्ठ नागरिक परिचय पत्र | १. निवेदन फाराम ।<br>२. साठी वर्ष उमेर पुगेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>३. नागरीकतामा ठेगाना फरक भएमा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि वा बसोबास प्रमाणितको फोटोकपी ।<br>४. दुई प्रति फोटो । | १. आफुसँग भएको प्रमाण सहित व्यहोरा खुलेको निवेदन पेश गर्ने ।<br>२. अख्तियार प्राप्त अधिकारीबाट तोक आदेश गरी निवेदन दर्ता गर्ने ।<br>३. महिला, बालबालिका तथा समाज कल्याण शाखाबाट परिचयपत्र तयार गरी अख्तियार प्राप्त अधिकारीबाट प्रमाणित गराउने ।<br>४. कार्यालयको अभिलेखमा चढाई सम्बन्धित व्यक्तिलाई परिचयपत्र उपलब्ध गराउने | नि:शुल्क | प्रमाण पुगेको निवेदन उपर तत्काल | महिला, बालबालिका तथा समाज कल्याण शाखा, स्थानीय तत्काल उद्धार तथा राहत समिति, सम्बन्धित शाखा प्रमुख तथा अन्य कर्मचारीहरु | नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत |

# बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाण्डौ
बागमती प्रदेश

## नागरिक वडापत्र

| क्र.सं. | सेवा सुविधाको नाम | आवश्यक पर्ने कागजातहरू | सेवा सुविधा प्राप्त गर्ने आवश्यक पर्ने प्रक्रिया | लाग्ने दस्तुर तथा शुल्क | सेवा लिन लाग्ने समयावधी | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १. | उजुरी तथा विवादसम्बन्धी निवेदन दर्ता | १. उजुरी तथा विवादका सम्बन्धमा रीत पुगेको निवेदनपत्र ।<br>२. सम्बन्धित निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।<br>३. विवादसँग सम्बन्धित अन्य प्रमाण कागजातहरु । | १. आवश्यक कागजातसहितको निवेदनमा तोक लगाउने।<br>२. राजश्व शाखामा दस्तुर तिर्ने ।<br>३. न्यायिक समितिमा निवेदन दर्ता गर्ने । | रु १०० | हदम्याद तोकिएकोमा हदम्यादभित्र र नतोकिएको हकमा कार्यविधिबमोजिम | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |
| २. | म्याद तामेली | १. सम्बन्धित निवेदनको प्रतिलिपी,<br>२. म्याद तामेली पत्र | १. प्रतिवादीको नाममा न्यायिक समिति वा सम्बन्धित वडा कार्यालयमार्फत म्याद वा सूचना तामेल गर्ने ।<br>२. म्याद तामेलदार वा वडा कार्यालयले तामेलीको व्यहोरा खुलाई समितिमा पठाउने ।<br>३. माथि उल्लेखित बमोजिम तामेल हुन नसकेमा विद्युतीयमाध्यम वा पत्रिकामा सूचना प्रकाशन गरिने ।<br>४. वडा कार्यालयमार्फत तामेल गरिएको म्यादमा सम्बन्धित वडाको अध्यक्ष वा सदस्य तथा कम्तिमा दुईजना स्थानीय भलादमीको रोहवर हुनुपर्ने । | नि:शुल्क | निवेदन दर्ता भएको ३ दिनभित्र | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |
| ३. | उजुरी तथा विवादको प्रतिउत्तर / लिखित जवाफ दर्ता | १. उजुरी तथा विवादका सम्बन्धमा रीत पुगेको लिखित जवाफसहितको प्रतिउत्तर पत्र<br>२. सम्बन्धित प्रतिवादीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>३. विवादसँग सम्बन्धित अन्य प्रमाण कागजातहरु | १. जवाफसहितको प्रतिउत्तर पत्रमा तोक लगाउने ।<br>२. राजश्व शाखामा दस्तुर तिर्ने ।<br>३. न्यायिक समितिमा दर्ता गरी सम्बन्धित मिशिलमा राख्ने । | रु १०० | म्याद तामेल भएको १५ दिनभित्र | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |
| ४. | मेलमिलाप कार्य | १. रीत पुगेको दुवै पक्षहरूको मिलापत्रका लागि मेलमिलाप गराईपाउँ भन्ने संयुक्त निवेदन ।<br>२. निवेदनकर्ताहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | १. संयुक्त निवेदनमा तोक लगाउने<br>२. राजश्व शाखामा दस्तुर तिर्ने।<br>३. न्यायिक समितिको रोहवरमा मेलमिलाप हुने ।<br>४. पहिलो सुनुवाइमा मेलमिलाप नभए विवादको सम्बन्धित वडा मेलमिलाप केन्द्रमा पठाउने<br>५. मेलमिलाप हुन नसके विवाद पुन:न्यायिक समितिमा फिर्ता पठाउने | नि:शुल्क | विवाद दर्ता भएको तीन महिना अर्थात ९० दिनभित्र | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |
| ५. | (क) निरुपण हुने अधिकार क्षेत्रअन्तर्गत निर्णय र संरक्षणात्मक आदेश जारी | १. निवेदनमा पेश गरिएका संलग्न आवश्यक प्रमाण कागजातहरु बुझ्ने<br>२. वादी प्रतिवादीको साक्षी बयान, बकपत्र गराउने<br>३. अन्य सम्बन्धित प्रमाण बुझ्ने / जग्गा नाप जाँच गर्ने | स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ४९(८) बमोजिम अन्तरिम संरक्षणात्मक आदेश दिने । | नि:शुल्क | मुद्दाको प्रकृति अनुसार | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |
| | (ख) घर जग्गा तथा बैंक खाता रोक्का | जग्गा एकिन तथा बैंक खाता एकिन गरि निवेदन दिने | आफ्नो हक लाग्ने प्रमाण पेश भएको निवेदन उपर सम्बन्धित मा.पो.का.वा बै.क बुझ्ने | रु १० | जवाफ आएको ३ दिन भित्र | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |
| ६. | पुनरावेदनको म्याद दिने | ऐनको दफा ४७(१) बमोजिम निर्णय हुँदा न्यायिक समितिको निर्णय सहित पराजित पक्षलाई ऐनको दफा ५१ बमोजिम पुनरावेदन म्याद दिने । | निर्णय तयार भएको ३ दिन भित्र अनुसुचिमा उल्लेखित ढाँचामा पुनरावेदन म्याद पठाई दिने | नि:शुल्क | फैसला तयार भएको ३ दिन भित्र | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |
| ७. | निर्णय कार्यान्वयन (भराइदिने वा चलन चलाइदिने) | निर्णय, फैसलाको प्रतिलिपीसहित चलन चलाई पाउँ भनी निवेदन गर्ने | आवश्यक कागजातसहितको निवेदनमा तोक लगाई न्यायिक समितिमा दर्ता गर्ने। न्यायिक समितिको निर्णयउपर पुनरावेदन परेको भए सो फैसला भई अन्तिम भएपछि न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन, २०७५ को प्रक्रिया बमोजिम निर्णय कार्यान्वयन गरिने । | नि:शुल्क | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ अनुसार चलन चलाईदिने । | सम्बन्धित शाखा वा निकाय । | नगर उपप्रमुख |
| ८. | अनियमित निर्माण सम्बन्धी कारवाही | १. प्रमाण सहितको उजुरी निवेदन<br>२. अनियमित निर्माण सम्बन्धी प्राविधिकको प्रतिवेदन<br>३. जारी भएको म्याद बुझी तोकिएको ढाँचामा लिखित जवाफ<br>४. जग्गाधनी प्रमाणपूर्जा<br>५. नक्सापास भए नक्साको प्रतिलिपी<br>६. निर्माण/मर्मत स्वीकृति लिएको भए सोको प्रतिलिपी | नगर प्रमुखको एकल इजलासबाट हेरिने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको | १५ दिनभित्र | सम्बन्धित शाखा वा निकाय । | नगर प्रमुख |
| ९. | नक्सा पास सम्बन्धी विवाद | १. उजुरी निवेदन<br>२. सक्कल नापी नक्सा<br>३. नक्सापास भइसकेको भए साइट प्लान र लोकेशन प्लानसहितको नक्साको प्रतिलिपी<br>४. नक्सापास भए नक्साको प्रतिलिपी<br>५. निर्माण/मर्मत स्वीकृति लिएको भए सोको प्रतिलिपी | नगर प्रमुखको एकल इजलासबाट हेरिने । | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको शुल्क र जरिवाना उजुरी कर्ताले नगरपालिकाले तोके बमोजिमको धरौटी रकम जम्मा गर्नुपर्ने । | १ महिनाभित्र | सम्बन्धित शाखा वा निकाय । | नगर प्रमुख |
| १०. | व्यक्तिवादी उजुरी निवेदनर भई चल्ने अन्य फुटकर मुद्दाहरू | १. तोकिएको ढाँचामा नेपाली कागजमा लेखिएको उजुरी निवेदन ।<br>२. प्रतिवादी संख्या अनुसार उजुरीको प्रतिलिपी<br>३. म्याद बुझि लिई म्यादभित्र प्रतिउत्तर<br>४. आवश्यक प्रमाणहरु | १. निवेदनमा तोक लगाउने<br>२. राजश्वमा दस्तुर तिर्ने। (दावी अनुसार)<br>३. न्यायिक समितिमा दर्ता गर्ने । | रु. ३००।- | १ महिनाभित्र | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |
| ११ | मिशील संलग्न कागजातको नक्कल दिने | १. निवेदन<br>२. सरोकारवाला भएको प्रमाण, नागरिकताको प्रतिलिपी<br>३. दस्तुर तिरेको रसिद | १. आवश्यक कागजातसहितको निवेदनमा तोक लगाउने।<br>२. राजश्व शाखामा दस्तुर तिर्ने ।<br>३. न्यायिक समितिमा निवेदन दर्ता गर्ने । | निवेदन दस्तुर रु. १०<br>प्रति पाना रु. ५ | सोही दिन | शाखा प्रमुख र शाखामा कार्यरत कर्मचारी | नगर उपप्रमुख |

४. निर्णय उपर उजुरी सुन्ने अधिकारी :- प्रमुख प्रशासकीय अधिकृत

५. सूचना अधिकारी र प्रमुखको नाम र पद

| | |
|---|---|
| कार्यालय प्रमुखको नाम र पद | प्रमुख प्रशासकीय अधिकृत श्री अजय बर्तौला |
| सूचना अधिकारीको नाम र पद | वरिष्ठ शाखा अधिकृत श्री केदार कुमार खड्का |

६. विभिन्न महाशाखा/ शाखाबाट सम्पादित कार्यको विवरण

**सुशासन, सेवा प्रवाह, प्रशासन र संस्थागत क्षमता विकास**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम यस आर्थिक वर्षको सुरुदेखि हालसम्म १८ वटा कार्यपालिका बैठक, सुशासन तथा संस्थागत विकास समितिका १६ वटा, प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकत्वमा Senior Management Team (SMT) १७ वटा र वडा सचिवहरूसँग विभिन्न वडा कार्यालयमा ८ बैठक सम्पन्न भएका छन्। १७ औँ नगर अधिवेशन सम्पन्न गरी १८ औँ नगर अधिवेशनको दोस्रो बैठक प्रारम्भ भएको छ।

२. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० बमोजिम प्रकृया पुगेका प्राविधिक र अप्राविधिक कर्मचारीहरूलाई २०८२ श्रावणदेखि लागू हुने गरी ९ जनाको माथिल्लो तहमा तह वृद्धि गरिएको छ।

३. भाद्र २३ र २४ गतेको Gen-Z आन्दोलनका क्रममा वडा नं. १०, ११ र १२ का कार्यालयहरूमा रहका सामाग्रीहरू पूर्ण रुपमा नष्ट भएकाले सम्बन्धित निकायबाट गठीत समितिको निर्णयानुसार नष्ट भएका सामाग्रीहरूको मिनाह गरिएको।

४. नगरपालिका तथा मातहतका निकायमा कार्यरत महाशाखा प्रमुख, शाखा प्रमुख, अधिकृतस्तरका कर्मचारी, स्वास्थ्य तथा प्राविधिक सेवाका कर्मचारी, सहायकस्तर (चौथो र पाँचौँ तह), नगर प्रहरी तथा श्रेणीविहीन कर्मचारीहरूको लागि छुट्टा छुट्टै तीन/तीन दिने क्षमता अभिवृद्धि कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ। उक्त कार्यक्रममार्फत सहभागी कर्मचारीहरूको कार्यसम्पादन क्षमता, पेशागत दक्षता, सेवा प्रवाहमा प्रभावकारिता तथा संस्थागत जिम्मेवारीप्रतिको समझदारी अभिवृद्धि गर्ने उद्देश्य लिइएको थियो। कार्यक्रमले प्रशासनिक दक्षता, समन्वय, उत्तरदायित्व र सेवा प्रवाहमा थप सुधार ल्याउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

५. "जनप्रतिनिधिहरूको ज्ञान, सीप तथा कार्यक्षमता अभिवृद्धि गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी र नतिजामुखी बनाउन क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरिएको छ।

६. नेपालको संविधानले प्रत्याभूत गरेको सूचनाको हकको प्रभावकारी कार्यान्वयन तथा पारदर्शिता प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाका महाशाखा/शाखा प्रमुख, वडा सचिव, कर्मचारी, सामुदायिक विद्यालयका प्र.अ., सहकारीका पदाधिकारी तथा सरोकारवालाहरूको सहभागितामा **सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम** सञ्चालन गरिएको छ। कार्यक्रममा सूचनाको हक सम्बन्धी कानूनी व्यवस्था, सूचना प्रवाह तथा अभिलेख व्यवस्थापनका विषयमा जानकारी प्रदान गरिएको थियो। उक्त कार्यक्रमले पारदर्शिता र जवाफदेहिताबारे सकारात्मक चेतना अभिवृद्धि गरेको छ।

७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) बमोजिम नगरपालिकाले सम्पादन गरेका सम्पूर्ण गतिविधिहरू समावेश गरी प्राप्त **73.4** सहितको अन्तिम नतिजा जिल्ला समन्वय समिति मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गरिएको छ। अन्तिम नतिजा प्राप्त हुने क्रममा रहेको छ।

८. महालेखा परीक्षकको कार्यालयबाट विभिन्न समयमा औंल्याइएका बेरुजुहरूको सम्परीक्षण तथा फछ्र्यौट कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइएको छ । चालु आ.व २०८२।०८३ मा १ करोड असुल उपर सहित २० करोड रुपैँया बेरुजुहरूको फछ्र्यौट गरिएको छ ।

९. मन्त्रालयको परिपत्र बमोजिम बिहानको समय ९ बजे बन्द हुने र बेलुका ५ बजेपछि खुल्ने गरी ई-हाजिरी प्रणाली अद्यावधिक गरिएको छ । साथै नगरपालिकाको मातहतमा रहेका सामुदायिक विद्यालयहरूमा शिक्षक तथा कर्मचारीको नियमितता, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने उद्देश्यले विद्युतीय हाजिरी प्रणाली लागू गरिएको छ । यसबाट विद्यालय प्रशासनलाई कर्मचारी व्यवस्थापनमा सहजता हुनुका साथै शैक्षिक गुणस्तर सुधारमा समेत टेवा पुगेको छ ।

१०. कार्यालयको चाप तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक बिदाको दिनमा समेत आवश्यकता अनुसार कर्मचारीहरूलाई परिचालन गर्ने व्यवस्था मिलाईएको छ ।

११. घ वर्गका निर्माण व्यवसायीहरूको नवीकरण ११७ वटा तथा नयाँ १९ वटा गरी कुल १३६ वटा व्यवसायीहरूको दर्ता तथा नवीकरण कार्य प्रचलित नियम तथा मापदण्डअनुसार सम्पन्न गरिएको छ।

१२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा विभिन्न मन्त्रालय, विभाग र कार्यालयहरूबाट प्राप्त परिपत्रहरूका विषयमा आवश्यक अध्ययन गरी सोअनुसार प्रचलित कानून, नीति तथा निर्देशनबमोजिम कार्यान्वयन गरिएको छ।

१३. सहकर्मी समाज नेपालको साझेदारीमा टोल विकास संस्था मार्फत विकास निर्माण लगाएत नगरपालिकाबाट प्रवाह हुने सेवालाई नागरिकमूखी बनाउन नागरिक र स्थानीय सरकारबीच सु-सम्बन्ध कायम गरी प्रभावकारी रुपमा सम्पूर्ण गतिविधिहरूमा सक्रिय, समन्वयात्मक, पारदर्शी तथा प्रभावकारी रूपमा सहजिकरण गराई स्थानीय सहभागिता अभिवृद्धि गर्दै स्थानीय सरकारलाई सफल र सबल बनाउने अभियान सुरु भएको

१४. बुढानीलकण्ठ नगरपालिका अन्तर्गतका १३ वटै वडामा सार्वजनिक जग्गा पहिचान गर्ने कार्य सम्पन्न भएको छ। हालसम्म ८ वटा वडामा सार्वजनिक जग्गाको नापजाँच सम्पन्न भएको छ भने बाँकी वडाहरूमा प्रक्रिया अगाडि बढिरहेको छ। सार्वजनिक जग्गा संरक्षणका लागि ४२० वटा फलामे पोल जडान, ४२ वटा साइनबोर्ड स्थापना (वडा नं. २, ३, ४, ७, ८, ११ र १३ मा) तथा ७ स्थानमा तारबार गरिएको छ। साथै सार्वजनिक जग्गामा निर्माणाधीन २ वटा संरचना हटाइएको र वडा नं. २ मा सार्वजनिक सम्पत्तिको अभिलेखीकरण कार्य सम्पन्न गरिएको छ । प्राप्त उजुरी तथा निवेदनका आधारमा नापजाँच र आवश्यक कारबाहीका कार्यहरू समेत निरन्तर रूपमा सञ्चालन भइरहेका छन् ।

१५. सेवा प्रवाहलाई थप प्रभावकारी, सहज र व्यवस्थित बनाउन प्रशासन, प्राविधिक तथा स्वास्थ्य सेवाका कर्मचारीहरूलाई आवश्यकता अनुसार विभिन्न शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा सरुवा तथा पदस्थापन गरी कामकाजमा खटाइएको छ।

१६. नगरपालिकाको प्राङ्गणमा भगवान विष्णुको मूर्ति प्रतिस्थापन गरी नियमित पूजाआजा तथा धार्मिक अनुष्ठानहरू सञ्चालन गर्न पुजारी नियुक्त गरी आवश्यक व्यवस्थापन मिलाइएको छ। यसबाट नगरपालिकाको धार्मिक तथा सांस्कृतिक वातावरणको संरक्षण, संवर्द्धन तथा स्थानीय श्रद्धालुहरूको आस्थाको सम्मान गर्दै नियमित रूपमा पूजाआजा सञ्चालन भइरहेको छ।

१७. जिन्सी शाखामार्फत नगरपालिकाका विभिन्न शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूका लागि आवश्यक मसलन्द तथा कार्यालय सामग्रीहरूको खरिद तथा आपूर्ति कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा

टेन्डर प्रक्रियाअनुसार सम्पन्न गरिएको छ। साथै, नगरपालिकाको स्वामित्वमा रहेका दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधनहरूको नियमित मर्मत–सम्भार तथा आवश्यक सेवा व्यवस्थापन कार्यसमेत प्रतिस्पर्धात्मक टेन्डर प्रक्रियामार्फत पारदर्शी र व्यवस्थित रूपमा सम्पन्न गरिएको छ।

१८. यस नगरपालिकामा महालेखा परीक्षकको कार्यालय बाट विभिन्न समयमा औंल्याइएका बेरुजुहरूको सम्परीक्षण तथा फछ्र्यौट कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन सम्बन्धित महाशाखा प्रमुखहरू, शाखा प्रमुखहरू तथा सरोकारवाला कर्मचारीहरूसँग विस्तृत छलफल तथा समन्वय कार्यक्रम सम्पन्न गरिएको छ। उक्त छलफलमार्फत बेरुजु न्यूनीकरण, समयमै फछ्र्यौट तथा वित्तीय अनुशासन र सुशासन प्रवर्द्धनका लागि आवश्यक कार्ययोजना तथा जिम्मेवारी निर्धारण गरिएको छ।

१९. नगर प्रहरीमार्फत आगलागी नियन्त्रण, बाढी–पहिरो रोकथाम तथा मर्मत–माटो पन्छाउने कार्य, अनधिकृत संरचना हटाउने र सर्प उद्धार गरी सुरक्षित स्थानान्तरणलगायतका आपतकालीन तथा व्यवस्थापकीय कार्यहरू सम्पादन गरिएको छ। साथै ढल तथा जाम व्यवस्थापन, ढक–तराजु नापतौल अनुगमन, सामुदायिक कुकुर–बिरालोको व्यवस्थापन, मेडिकल अनुगमन तथा केबल तार व्यवस्थापन कार्यसमेत विभिन्न वडाहरूमा सम्पन्न गरिएको छ। नियम उल्लङ्घनका कारबाहीबाट रु. १,००,००० राजस्व संकलन भएको छ।

२०. कार्यालयको चाप तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक बिदाको दिनमा समेत आवश्यकता अनुसार कर्मचारीहरूलाई परिचालन गर्ने व्यवस्था मिलाईएको छ ।

२१. सङ्घीय सरकारको परिपत्र बमोजिम बिहानको समय ९ बजे बन्द हुने र बेलुका ५ बजेपछि खुल्ने गरी ई-हाजिरी प्रणाली अद्यावधिक गरिएको छ ।साथै नगरपालिकाको मातहतमा रहेका सामुदायिक विद्यालयहरूमा शिक्षक तथा कर्मचारीको नियमितता, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने उद्देश्यले बिहान १०:०० बजेअघि र बेलुका ४:०० बजेपछि मात्र हाजिरी हुने व्यवस्था कार्यान्वयन गरिविद्युतीय हाजिरी प्रणाली लागू गरिएको छ । यसबाट विद्यालय प्रशासनलाई कर्मचारी व्यवस्थापनमा सहजता हुनुका साथै शैक्षिक गुणस्तर सुधारमा समेत टेवा पुगेको छ। कर्मचारीहरूको ड्रेस, कार्ड, कार्यालय समय र हाजिरीलाई नियमित गर्ने उद्देश्यले मन्त्रालयको परिपत्र बमोजिम बिहानको समय ९ बजे बन्द हुने र बेलुका ५ बजेपछि खुल्ने गरी ई-हाजिरी प्रणाली अद्यावधिक गरिएको छ ।

२२. राष्ट्रिय सतर्कता केन्द्रको छड्के अनुगमन तथा नगर प्रमुखज्यूको निर्देशनअनुसार नगरपालिका र मातहतका निकायहरूमा नियमित अनुगमन गरिएको छ। अनुगमनका क्रममा बिदा स्वीकृत नगरी अनुपस्थित रहेका वा कार्यालयीय अनुशासन उल्लङ्घन गरेका कर्मचारीहरूलाई प्रचलित कानूनबमोजिम सचेत गराई स्पष्टिकरण सोधिएको छ। साथै, अटेर गर्ने कर्मचारीहरूको विवरण आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने कार्यसमेत गरिएको छ ।

२३. नगरपालिकाको संस्थागत विकास, क्षमता अभिवृद्धि तथा सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि आवश्यकता र समयसापेक्ष अभिमुखीकरण, तालिम तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएको छ। साथै, विभिन्न कार्यालय तथा निकायहरूबाट प्राप्त पत्राचारका आधारमा सम्बन्धित जनशक्तिलाई बैठक, गोष्ठी, सेमिनार तथा अन्य व्यावसायिक कार्यक्रममा सहभागिताका लागि पठाउने व्यवस्था गरिएको छ।

२४. चालु आर्थिक वर्षको हालसम्ममा अन्यत्र स्थानीय तहबाट नियमानुसार सरुवा/कामकाजमा आएका कर्मचारीहरूलाई हाजिर गराई कामकाजमा लगाइएको छ । साथै यस वर्षको हालसम्ममा सहमतिका आधारमा

अन्यत्र कामकाजमा जाने तथा माथिल्लो तहमा सिफारिस भएर जाने कर्मचारीहरूलाई रमाना दिई बिदाई गरिएको छ।

२५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित उपभोक्ता संरक्षण सम्बन्धी कानूनबमोजिम नगरवासीको जनस्वास्थ्य, खाद्य सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि नगर उपप्रमुखज्यूको संयोजकत्वमा नगरपालिका क्षेत्रका मुख्य बजारहरूमा नियमित बजार अनुगमन कार्य सञ्चालन गरिएको छ। अनुगमनका क्रममा कानून तथा मापदण्डविपरीत कार्य गर्ने व्यक्ति, फर्म तथा संस्थाहरूलाई सचेत गराउनुका साथै आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको छ।

२६. सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट प्राप्त पत्रहरूको सम्बन्धमा आवश्यक छानबिन तथा प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पत्राचार गरिएको छ। साथै, नेपालको संविधान, २०७२ को धारा २७ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम कार्यालयका गतिविधि सम्बन्धमा प्राप्त ३ वटा सूचना मागलाई समयमै सम्बोधन गर्दै मागअनुसारका सूचना उपलब्ध गराइएको छ। त्यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत "हेलो सरकार" प्रणालीमार्फत प्राप्त  वटा उजुरीहरूको सम्बन्धमा आवश्यक छानबिन तथा यथोचित कार्यवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको छ।

२७. नगरपालिकाको सेवा प्रवाहलाई सहज, पारदर्शी, जवाफदेही र छिटोछरितो बनाउन नगरका गतिविधिहरू आधिकारिक वेबसाइट, बुढानीलकण्ठ न्युज, नगरपालिका तथा वडा कार्यालयका फेसबुक पेज लगायत सामाजिक सञ्जाल, पत्रपत्रिका तथा अन्य सञ्चार माध्यममार्फत नियमित रूपमा प्रकाशन तथा प्रसारण गरिएको छ। साथै, विद्युतीय सेवा प्रवाहलाई प्राथमिकताका साथ अघि बढाउने नीति अनुसार सेवाग्राहीको सुविधालाई ध्यानमा राखी विभिन्न ३८ भन्दा बढी विद्युतीय पोर्टल/प्रणालीहरू (जस्तै EBPS, SuTRA, PAMS, साङ्ग्रिला लगायत) सफ्टवेयर (Software) प्रयोगमा ल्याई सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाइएको छ।

२८. नगरपालिका तथा वडा कार्यालयबाट केन्द्रिकृत ई–सिफारिस तथा दर्ता, चलानी प्रणाली सञ्चालनमा ल्याइएको छ। अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचय पत्रलाई प्रणालीमैत्री बनाई डिजिटल QR सहितको स्मार्ट कार्ड वितरण गर्ने कार्यको सुरुवात गरिएको छ।

२९. अन्तर स्थानीय तहसँग सम्बन्ध, सङ्घ, प्रदेश र स्थानीय तह बीच सहकार्य, समन्वय र सहअस्तित्वको कार्य अगाडि बढाइएको छ। साथै असल अभ्यास एवं आपसी सम्बन्ध विस्तारको लागि जनप्रतिनिधि र कर्मचारीबीच विभिन्न स्थानीय तहले गरेका अनुकरणीय कार्यको अनुगमन गरी राम्रा पक्षका लागि निरन्तर लागि रहेको छ।

३०. कार्यालयमा कर्मचारीको मनोबल तथा उत्प्रेरणालाई कायम राख्न तथा कर्मचारीहरूको ज्ञान, क्षमता, रुचि र अध्ययन क्षेत्रका आधारमा कार्यालयलाई अधिकतम लाभ हुने गरी कर्मचारी सरुवा तथा कामकाजमा लगाउन बुढानीलकण्ठ नगरपालिकाका कर्मचारीहरूको कामकाज र सरुवा मापदण्ड बनाई लागू गरिएको छ।

३१. नगरपालिकामा कार्यरत २ जना कर्मचारीको अनिवार्य अवकाश मार्फत बिदाई गरिएको छ। साथै विगत लामो समयदेखि करार सेवामा कार्यरत रहि राजिनामा दिनुहुने कर्मचारीहरूलाई नगरपालिकामा पुर्याएको सेवाको उच्च मूल्याङ्कन गर्दै ससम्मान बिदाई गरिदै आएको छ।

३२. सूचना प्रविधि शाखा मार्फत सामुदायिक विद्यालयहरूमा केन्द्रीकृत सरकार (Centralized government) ई-हाजिरी मार्फत हाजिर गर्ने कार्यको सुरुवात गरिएको। बुढानीलकण्ठ नगर अस्पताल, सामुदायिक विद्यालयहरूमा हुने विभिन्न ICT सम्बन्धी कार्य तथा गतिविधिहरूको अनुगमन तथा निरीक्षण गर्ने गरिएको। QR Code मार्फत

File Tracking को कार्य अगाडि बढाइएको र नगर स्तरीय CCTV जडान गर्ने कार्यको NCB Ebid टेन्डरबाट प्रक्रिया अगाडि बढाइएको । नगरपालिकाका सिस्टम हरूको विजनेस कन्टिनिटि **व्यवसाय निरन्तरता** (Buisness Continuity) को लागि विना कुनै अवरोध सञ्चालन गर्न Local Server, Internet, LAN को निरीक्षण, अनुगमन तथा सञ्चालन गर्ने गरिएको । QR Code मार्फत File Tracking गर्ने कार्यको सुरुवात गरिएको ।

३३. भाद्र २३ र २४ गतेको Gen-Z आन्दोलनका क्रममा वडा नं. १०, ११ र १२ का कार्यालयहरूमा पुगेको क्षतिको सरसफाइ गरी नियमित सेवा प्रवाह पुनः सञ्चालन गरिएको छ। साथै नगर प्रमुखज्यूको अध्यक्षतामा सरोकारवाला तथा Gen-Z प्रतिनिधिहरूसँग छलफल कार्यक्रम सम्पन्न गरिएको छ।

३४. बुढानीलकण्ठ क्षेत्र विकास समिति र अन्य सरोकारवालाहरूको समन्वयमा बुढानीलकण्ठ नारायणस्थान मन्दिर मा हरिबोधनी एकादशी मेला सम्पन्न गरिएको छ।

३५. नगरपालिकामा विशिष्ट प्रबुद्ध वर्ग तथा विशिष्ट व्यक्तिहरूसँग समसामयिक विषयमा छलफल कार्यक्रम सम्पन्न गरिएको छ।

३६. सुशासन समितिका पदाधिकारी र महाशाखा/शाखा प्रमुखको विधमान विषयवस्तु तथा सेवा प्रवाहको बारेमा बैठक सम्पन्न भएको

३७. सुशासन समितिका पदाधिकारी र महाशाखा/शाखा प्रमुखको विधमान विषयवस्तु तथा सेवा प्रवाहको बारेमा बैठक सम्पन्न भएको

३८. नगरपालिकामा कार्यरत सबै नगर प्रहरी र सवारी चालकहरूको जोखिम बिमा लागू गरिएको छ ।

<u>योजना,अनुगमन तथा मूल्याङ्कन महाशाखा</u>

## नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति

## आ.व.२०८२।८३ मा अनुगमन भएका योजनाको सङ्ख्या अनुसारको विवरण

| वडा नं / क्रस | जम्मा वडास्तरीय योजना संख्या / वडा नं | सम्झौता भएको वडास्तरीय / अल्पा योजना | जम्मा नगर स्तरीय | सम्झौता भएका नगरस्तरीय | चालु आ.व. | संघीय/प्रदेश सहकार्यबाट हस्तान्तरित | जम्मा अनुगमन सम्पन्न | कार्यपालिका बैठकबाट निर्णय भई सम्झौता भएका | १७ औ नगरसभा / कैफियत | जम्मा सम्झौता | सम्पन्न |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 17 १ | ४ | १७ | २ | १२६ | ४ | ३७ | | २ | १३ | १० |
| २ | 32 २ | २१ | २१/१५ | ९ | २९ | ५ | ५० | ३ | ६ | ४४ | २९ |
| ३ | २३ ३ | ९ | १७/१५ | ८ | १२ | १ | २९ | १ | २ | २० | ८ |
| ४ | 32 ४ | १८ | २४/२३ | ३ | १२७ | | ५० | ४ | १ | २७ | २७ |
| ५ | 36 ५ | १३ | 21/१४ | ५ | १३१ | ४ | ५२ | १ | | २४ | १६ |
| ६ | 28 ६ | १० | 10/१४ | | २४३ | | ६२ | ९ | १ | २२ | १९ |
| ७ | 20 ७ | ६ | ७/४ | ३ | १९ | | २६ | १ | | १० | ५ |
| ८ | 18 ८ | ९ | २६/२९ | ४ | १४५ | | ६७ | ४ | १ | १९ | १४ |
| ९ | 16 ९ | ६ | 5/२ | १ | ९ | | १४ | १ | १ | ९ | ८ |
| १० | 11 १० | ३ | १३/१७ | २ | २३ | | ४० | ५ | ७ | १७ | १० |
| ११ | 29 ११ | १२ | १६/१२ | ५ | ४३२ | २ | ४८ | ५ | ६ | ३४ | २४ |
| १२ | 10 १२ | १ | ६/३ | | १६ | | २२ | १ | | २ | १ |
| १३ | 14 १३ | ६ | १६/१० | १ | ७४३ | २ | ५३ | २१ | २ | ३९ | ३१ |
| | 286 अन्य | ११८ | ९४/४ | ४३ | १७९ | १८ | १३ | ५६ | २९ | २८१ | २०२ |
| जम्मा | | १९९ | | | ३६४ | | ५६३ | | | | |

**महिला बालबालिका तथा समावेशीकरण शाखा**

१.अपाङ्गता परिचयपत्र वितरण

| क्र.स. | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ४ | ३ | १ | १० | ६ | ४ | |

२.जेष्ठ नागरिक परिचयपत्र

| क्रस | महिना | महिला | पुरूष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | बैशाख | ३८ | ५४ | ९२ | |
| २ | जेठ | ३७ | ३३ | ७० | |
| ३ | असार | ३६ | ५७ | ९३ | |
| जम्मा | | १११ | १४४ | २५५ | |

३ अन्य कार्यहरु

- विपन्नसंग उपमेयर कार्यक्रम अन्तर्गत विपन्न पहिचान गरी राहत खाद्यान्न वितरण कार्यक्रम १३ वटै वडामा ।
- महिलाहरुको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत अनुशिक्षण तथा अभिमुखीकरण कार्यक्रम २ वटा ।
- बाल क्लबको सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम ३ वटा वडामा ।
- बालक्लब दर्ता -२ वटा

- किशोरी किशोरी नेतृत्व तथा क्षमता विकास कार्यक्रम बृहत्तर यौनिकता सम्बन्धी र मर्यादित महिनावारी अभिमुखीकरण कार्यक्रम
- संघ संस्था अनुगमन —५ वटा अनुगमन
- बीउ पुजी परिचालन अनुगमन
- सहजीकरण — ७ महिला समुह
- बाल गृह अनुगमन — ५ वटा
- ज्येष्ठ नागरिक संग मेयर कार्यक्रम अन्तर्गत स्वास्थ्य शिविर कार्यक्रम र लक्षतथर्मस वितरण कार्यक्रम।
- लक्षित वर्ग विशेष कार्यक्रम छुवाछुत तथा भेदभाव अन्मुलन सम्बन्धी अभिमुखीकरण कार्यक्रम ।
- अनौपचारिक शिक्षा कार्यक्रम व्यवस्थापन सहयोग
- बिउपुँजी परिचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम ।
- ३ बालिका उद्धार तथा पुनर्स्थापना सहजीकरण ।
- अटिजम भएका विद्यार्थीहरु अध्ययनरत विद्यालयमा शैक्षिक सामाग्रीहरु सहयोग ।
- अपांगता भएका व्यक्तिहरुका अभभिभावकहरुका लागी क्षमता विकास कार्यक्रम
- मानव बेचविखन तथा ओसारपोसार नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम

**सूचना प्रविधि शाखा :**

- ➢ अवधीः २०८३ बैशाख १ देखी- २०८३ असार मसान्त सम्ममा सम्पादित क्रियाकलापहरूः
- ➢ सामुदायिक विद्यालयहरूमा २०८३ बैशाख १ गते देखी Centralized government ई-हाजिरी मार्फत
- ➢ हाजिरी गर्ने कार्यको पूर्ण रूपमा लागु गरिएको । दैनिक बिहान १० बजे अगाडी र बेलुका ४ बजे पछाडी मात्र
- ➢ हाजिर हुने व्यवस्था मिलाईएको ।
- ➢ नगरपालिका कार्यालय, शाखा कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, नगर अस्पतालमा ई हाजिरी बिहान
- ➢ बिहान ९ बजे अगाडी र बेलुका ५ बजे पछाडी मात्र हाजिर हुने कार्यको निरन्तरता दिईएको।
- ➢ Bulk SMS को प्रयोग गरी सुचनाहरू छिटो छरितो र प्रविधि मेत्री रूपले सम्प्रेषण गर्ने गरिएको ।
- ➢ मोबाईल एप, वेभसाईट, सामाजिक सञ्जाल द्वारा नगरपालिकाका सूचना, क्रियाकलापहरूको जानकारी दिने
- ➢ गरिएको ।
- ➢ बुढानिलकण्ठ नगर अस्पताल, सामुदायिक विद्यालयहरूमा हुने विभिन्न ICT सम्बन्धी कार्य तथा
- ➢ गतिविधिहरूको अनुगमन तथा निरिक्षण गर्ने गरिएको ।
- ➢ नगरपालिकाका सिस्टम हरूको Buisness Continuity को लागि विना कुनै अवरोध सञ्चालन गर्न Local
- ➢ Server, Internet, LAN को निरिक्षण, Firewall License को नविकरण, अनुगमन तथा सञ्चालन गर्ने
- ➢ गरिएको ।शाखाहरूमा दैनिक IT Support दिने गरिएको ।
- ➢ Computer हरूलाई Cloud Based मा संचालन गरी Data Protection र Data Recovery सहज
- ➢ गरिएको ।
- ➢ विभिन्न मिडियाहरू मार्फत Documentry Video , Reels Video , दैनिक Photo / Video प्रचार प्रसार
- ➢ गर्ने गरिएको ।
- ➢ Announcement System को सुरुवात गरिएको ।बिहान ठिक ९:०० बजे नगरपालिका कार्यायमा
